केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१४/०७३/७४ मिति: २०७३/११/०१

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७३ इ.प्रा. निर्देशन नं. २३/०७३ को बुँदा २४ लाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

२४. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देहाय बमोजिमका व्यवस्थाहरुको अधिनमा रही गैर नेपाली नागरिकलाई नियुक्त गरी काम गराउन सक्नेछन् ।

(क) **गैर नेपाली नागरिकबाट व्यवस्थापन सेवा लिने सम्बन्धमा :** इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले निम्न बमोजिम प्राविधिक सेवा सम्झौता (Technical Service Agreement, TSA) गरी गैर नेपाली नागरिकबाट व्यवस्थापन सेवा लिन सक्नेछन् ।

(१) विदेशी संयुक्त लगानीमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुले विदेशी लगानीकर्ता (Joint Venture Partner) सँग प्राविधिक सेवा सम्झौता (Technical Service Agreement, TSA) गरी प्रविधि हस्तान्तरण गर्दा 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९' बमोजिम स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था रहेकोले सो व्यवस्थाको परिपालना गर्नु पर्नेछ ।

(२) प्राविधिक सेवा सम्झौता (TSA) मा निम्न बिषयहरु खुलाउनु पर्नेछ ।

(क) प्राविधिक सेवा सम्झौता अन्तर्गत व्यवस्थापन सेवा लिने पद र संख्या ।

(ख) प्राविधिक सेवा प्रदान गर्ने बिषय तथा योजनाहरु ।

(ग) प्राविधिक सेवा सम्झौताको अवधि तथा शुल्क ।

(घ) व्यवस्थापन सेवामा खटिई आउने गैर नेपाली नागरिकको पारिश्रमिक तथा सुविधा ।

(ङ) व्यवस्थापन सेवामा खटिई आउने गैर नेपाली नागरिकको पारिश्रमिक तथा सुविधा व्यहोर्ने स्रोत (प्राविधिक सेवा शुल्कबाट व्यहोर्ने वा इजाजतपत्रप्राप्त संस्थाले व्यहोर्ने भन्ने विषय) ।

(च) प्राविधिक सेवामा खटिई आउने गैर नेपाली नागरिकको सेवा अवधि ।

(छ) प्राविधिक सेवा सम्झौता बमोजिम कार्य नभएमा सोको क्षतिपूर्तिको व्यवस्था ।

(ज) अन्य आवश्यक विषय ।

(३) प्राविधिक सेवा सम्झौता (TSA) अन्तर्गत खटिई आउने गैर नेपाली नागरिकहरुको हकमा विद्यमान श्रम ऐन तथा नियमावली अनुसार श्रम स्वीकृति लिनुपर्ने व्यवस्था

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



रहेकोले सोही बमोजिम स्वीकृति लिएर मात्र काम गर्नु/गराउनु पर्नेछ ।

(४) प्राविधिक सेवा सम्झौता बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थामा व्यवस्थापन सेवाका लागि खटिई आउने गैर नेपाली नागरिकको संख्या देहायबमोजिम हुनेछ ।

(क) २० देखि ५० प्रतिशतसम्म विदेशी लगानी रहेको अवस्थामा बढीमा ५ जनासम्म ।

(ख) ५० प्रतिशत भन्दा बढी विदेशी लगानी रहेको अवस्थामा बढीमा ७ जनासम्म ।

(५) प्राविधिक सेवा सम्झौताको अवधि ५ बर्षको हुनेछ र सोलाई नवीकरण गर्न सकिनेछ । सो सम्झौता अन्तर्गत व्यवस्थापन सेवामा नियुक्त भई आउने गैर नेपाली नागरिकको सेवा अवधि २ बर्ष भन्दा बढी हुने छैन । निजको पारिश्रमिक प्राविधिक सेवा शुल्कबाट व्यहोर्न सकिनेछ । सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले नै निजको पारिश्रमिक व्यहोर्ने सम्झौता भएमा विद्यमान व्यवस्था अनुरुप हुने गरी तय गर्नु पर्नेछ ।

*नोट : विद्यमान व्यवस्था भन्नाले प्राविधिक सेवा सम्झौता बमोजिम प्रमुख कार्यकारीको कार्य गर्ने गरी नियुक्त गैर नेपाली नागरिकको हकमा सबै इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई समान रुपमा लागु हुने गरी यस बैंकबाट जारी गरिएका प्रमुख कार्यकारीको तलब, भत्ता तथा सुविधा सम्बन्धी मार्गदर्शन तथा निर्देशनहरु र प्रमुख कार्यकारी अधिकृत बाहेक व्यवस्थापन सेवामा खटिएका अन्य कर्मचारीहरुको हकमा संस्थाको सञ्चालक समितिले संस्थाका सबै कर्मचारीहरुको लागि तय गरेको पद अनुसारको तलब भत्ता तथा सुविधा सम्बन्धी व्यवस्थालाई जनाउँनेछ ।*

(६) विदेशी संयुक्त लगानी नरहेका बैंक तथा वित्तीय संस्थाहरुले गैर नेपाली नागरिकबाट व्यवस्थापन सेवा लिन पाउने छैनन् । तर, नेपाल सरकारको लगानी रहेका बैंक तथा वित्तीय संस्थाहरुमा उच्च प्राविधिक सुधार आवश्यक भएमा विदेशी बैंक वा वित्तीय संस्थासँग प्राविधिक सेवा सम्झौता गरी व्यवस्थापन सेवामा गैर नेपाली नागरिकलाई नियुक्त गर्न स्वीकृति दिन सक्नेछ । यस्तो प्राविधिक सेवा सम्झौताको अवधि, गैर नेपाली नागरिकको सेवा अवधि तथा पारिश्रमिक सम्बन्धमा यस बैंकले स्वीकृति दिए बमोजिम हुनेछ ।

(७) हाल लागू रहेको प्राविधिक सेवा सम्झौता (TSA) को अवधि समाप्त भएपश्चात् इजाजतपत्रप्राप्त संस्थाहरुले यसै व्यवस्थाको अधीनमा रही नयाँ सम्झौता गर्नु पर्नेछ ।

**(ख) गैर नेपाली नागरिकलाई कर्मचारीको रुपमा नियुक्त गरी काम गराउने सम्बन्धमा :** इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले कुनै विशेष प्राविधिक पदमा स्वदेश मै दक्ष कर्मचारी उपलब्ध नभएमा देहाय बमोजिमको प्रक्रिया/व्यवस्थाहरुको पालना गरी गैर नेपाली नागरिकलाई नियुक्त गरी काम गराउन सक्नेछन् :

(१) गैर नेपाली नागरिकलाई खुल्ला गरिने प्राविधिक पद तथा छनौट प्रक्रियाका सम्वन्धमा संस्थाको कर्मचारी सेवा विनियमावलीमा स्पष्ट व्यवस्था गरेको हुनु पर्नेछ ।

(२) तोकिएको प्राविधिक पदमा सर्वप्रथम नेपाली नागरिकलाई प्राथमिकता दिई राष्ट्रियस्तरको

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(३) राष्ट्रियस्तरको पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्दा समेत कुनै पनि नेपाली नागरिक उपलब्ध नभएमा मात्र गैर नेपाली नागरिकलाई नियुक्त गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

(४) गैर नेपाली नागरिकको पारिश्रमिक, पारिश्रमिक निर्धारणको आधार, सेवाका शर्तहरु तथा सेवा अवधिका सम्बन्धमा सञ्चालक समितिले निर्णय गरी यस बैंकको स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । गैर नेपाली नागरिकको सेवा अवधि एकपटकमा दुई वर्षमा नबढाई बढीमा पाँच वर्षसम्म र विशिष्ट प्रकारको दक्ष प्राविधिक पदका लागि बढीमा सात वर्ष मात्र रहन सक्नेछ ।

(४) गैर नेपाली नागरिकलाई काममा लगाउनु पूर्व विद्यमान श्रम ऐन बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(५) एकपटक गैर नेपाली नागरिकलाई काममा लगाउने बैंक तथा वित्तीय संस्थाले नेपाली नागरिकलाई नै दक्ष बनाई क्रमशः प्रतिस्थापन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(६) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले तोकिएको प्राविधिक पद बाहेक अन्य पदमा गैर नेपाली नागरिकलाई नियुक्त गरी काम गराउन पाउने छैनन् ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।
(१४) श्री कर्जा सुचना केन्द्र, हेरिटेजप्लाजा, काठमाण्डौ ।